नगर कार्यपालिकाको ६३ औं बैठक

आज मिति २०८२।११।०४ गतेका दिन वालिङ नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री कृष्ण खांण ज्यूको अध्यक्षतामा बैठक बसि तपसिल बमोजिमको निर्णय गरियो ।

| सि.न. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री कृष्ण खांण | |
| २ | नगर उप प्रमुख | श्री कबिता तिवारी गैह्रे | |
| ३ | वडा अध्यक्ष | श्री पदमराज गुरुङ | |
| ४ | वडा अध्यक्ष | श्री पोतप्रसाद लम्साल | |
| ५ | वडा अध्यक्ष | श्री भीम बहादुर गुरुङ | |
| ६ | वडा अध्यक्ष | श्री हरिप्रसाद खनाल | |
| ७ | वडा अध्यक्ष | श्री छविलाल आले | |
| ८ | वडा अध्यक्ष | श्री श्याम कृष्ण श्रेष्ठ | |
| ९ | वडा अध्यक्ष | श्री पाण्डु कुमार थापा | |
| १० | वडा अध्यक्ष | श्री दामोदर तिवारी | |
| ११ | वडा अध्यक्ष | श्री शेरबहादुर श्रेष्ठ | |
| १२ | वडा अध्यक्ष | श्री सुनिल खनाल | |
| १३ | वडा अध्यक्ष | श्री डण्ड पानी पंगेनी | |
| १४ | वडा अध्यक्ष | श्री विश्वजंग गुरुङ | |
| १५ | वडा अध्यक्ष | श्री नमलाल डुम्रे | |
| १६ | वडा अध्यक्ष | श्री बोधराज कुवर | |
| १७ | कार्यपालिका सदस्य | श्री देवी माया वि.क. | |
| १८ | कार्यपालिका सदस्य | श्री सिता वि.क. | |
| १९ | कार्यपालिका सदस्य | श्री युगमाया पंगेनी | |
| २० | कार्यपालिका सदस्य | श्री भगवती पाण्डेय डुम्रे | |
| २१ | कार्यपालिका सदस्य | श्री जुनु थापा | |
| २२ | कार्यपालिका सदस्य | श्री लोक बहादुर कुमाल | |
| २३ | कार्यपालिका सदस्य | श्री हरिलाल वि.क. | |
| २४ | कार्यपालिका सदस्य | श्री भक्त बहादुर गोतामे | |
| २५ | सचिव | श्री गंगालाल सुवेदी | |

फाल्गुण ४ गतेको कार्यपालिकाको निर्णयहरू

१. गत कार्यपालिका बैठकको निर्णयहरूको समीक्षा गरियो।

२. नगरपालिकामा उत्पादित कृषि उपज ढुवानी एवं बजारीकरणका लागि प्राप्त हुने चार पाङ्ग्रे सानो सवारी साधन उपयोग गर्न चाहने सहकारी संघ संस्थाहरुबाट निवेदन पेश गर्न सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

३. वन, बुट्यान तथा झाडीबाट प्राङ्गारिक मल वनाउनका लागि सरोकारवाला पक्षको प्रतिनिधि एवं कार्यपालिका सदस्यहरू सहितको टिम नवलपरासीको डण्डास्थित सामुदायिक वनमा स्थलगत अध्ययन गरी सम्भाव्यता प्रतिवेदन पेश गर्ने निर्णय गरियो।

४. साना किसानहरूबाट उत्पादित कृषि उपज खरिद एवं बजारीकरण गरी प्रत्यक्ष रूपमा साना किसानलाई लाभन्वित हुनेगरी कार्यक्रम गर्ने पैंचो संस्थासँग समझदारी पत्रमा हस्ताक्षर गर्ने निर्णय गरियो।

५. संघीय वन ऐन तथा वालिङ नगर पालिकाको वन ऐन बमोजिम निजी जग्गा एवं निजी वनको व्यक्तिगत एवं व्यावसायिक प्रयोजनका निमित्त रुख कटान तथा ढुवानीका लागि सव डिभिजन वन कार्यालयको प्राविधिक सहयोगमा नियम अनुसार कर, राजस्व एवं शुल्क लिई कटान र ओसारपोसार आदेश दिने अधिकार वडा कार्यालयलाई प्रत्यायोजन गर्ने निर्णय गरियो।

६. खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०८२ र उपप्रमुखसँग महिला उद्यमी कार्यक्रम सञ्चालन कार्यविधि २०८२ पारित गर्ने निर्णय गरियो ।

७. जिल्लास्तरीय राष्ट्रपति रनिङशील्ड प्रतियोगितामा वालिङ नगरपालिकाको टिम सहभागी हुँदा खर्च भएको रकम रु. ३ लाख ६४ हजार ३ सय अनुमोदन गर्ने निर्णय गरियो।

८. २०८२ साल माघमसान्तसम्मको संलग्न बमोजिमको संघ, प्रदेश र नगरपालिकाको आय विवरण अनुसार आन्तरिक आय तर्फको प्रथम अर्धवार्षिकमा अनुमान गरेको आयको २०% मात्र आम्दानी भएको हुँदा थप आयवृद्धिका लागि आवश्यक पहल गर्ने निर्णय गरियो।

९. आवासीय विद्यालय सञ्चालनको लागि विनियोजित १५ लाख रुपैयाँ मध्ये तोकिएको समयमा दरखास्त पेश गर्ने छ वटा विद्यालयहरुलाई दुई दुई लाखको दरमा र पूर्णमृत माध्यमिक विद्यालयका लागि रु ३ लाख उपलब्ध गराउने निर्णय गरियो ।

१०. आव २०८२/०८३ मा नगरपालिकाका सबै वडाहरूका दुईवटा मुख्य कच्ची बाटाहरूमा क्रमशः अस्थायी नाला एवं ग्रावेल गर्नका लागि विनियोजित रकम रु. ८३,५०,०००/- मध्येबाट वडा नम्बर १, २ र ४ मा नगरका ठूला सवारी साधनबाट कार्य गर्दा लागेको इन्धन तथा मर्मत शिर्षकमा खर्च भएको रकम रु. ६५,१३,६४८/- अनुमोदन गर्ने निर्णय गरियो।

११. ओमकार इभेन्ट हबद्वारा नवबर्ष २०८३ को पावन अवसरमा २०८२ साल चैत्र २६ गतेदेखि २०८३ साल वैशाख २ गतेसम्म संगीतिक कार्यक्रम राखको लागि अनुमति माग गरेकोमा टिकट बिक्री गरी कार्यक्रम गर्ने भए नियम अनुसार लाग्ने कर भुक्तान गर्ने गरी उक्त सांगीतिक कार्यक्रम सञ्चालन गर्नका लागि अनुमति दिने निर्णय गरियो।

१२. खुमा अर्याल कप टि २० क्रिकेट लिग प्रतियोगिता संचालनका लागि पालिका स्तरिय खेलमा भाग लिनका लागि यस कार्यालयबाट टिम सहभागि भएको र उक्त खेलमा द्धितिय स्थान हासिल गर्न सफल भएकोले खेलाडीहरुलाई विशेष धन्यवाद सहित पुरस्कार स्वरुप प्राप्प गरेको रु १ लाख ५० हजार रकम पुरस्कार स्वरुप खाडीहरुको मनोवल बृद्धिका लागि उक्त पुरस्कार रकम प्रोत्साहन स्वरुप उपलब्ध गराउने साथै खेलमा सहभागि भए वापत आवश्यक व्यवस्थापनका लागि रु १ लाख गरि जम्मा रु २ लाख ५० हजार रुपैया भुक्तानि दिने निर्णय गरियो

१३. वालिङ न.पा वडा नं.-१३ बोधिभञ्याङ, ठुलढुङ्गा, तारेपरा बाटो निर्माणको क्रममा विनियोजित रकमबाट सम्पन्न नहुने भनि वडा समितिको सिफारिस तथा सम्बन्धीत लाभ ग्राहीहरुबाट माग भै आएको हुँदा प्राविधिक मुल्याङ्कनको आधारमा भुक्तानि हुने गरि रु ५० हजार थप गरि रकम भुक्तानि दिने निर्णय गरियो ।

१४. यस वालिङ नगरपालिका कार्यालय अन्तर्गत निर्माणको अन्तीम चरणमा रहेको WM/15/2077/2088 Construction Upgrading Of Garuo Ghangling Primary Hospital 15 Bed Hospital at waling को भवन निर्माण कार्य गर्न निर्माण व्यवसायी-आशिष/श्री सिद्धबाबा निर्माण सेवा/रुचि जे.भी वालिङ-९ वीच भएको सम्झौता बमोजिमको निर्माण कार्य सम्झौताका सर्शतहरुको अधिनमा रही मूल्य समायोजन वापतको रकम निर्माण व्यवसायीले माग गरेको हुँदा वोलपत्रको विड डकुमेन्ट तथा Site Engineer श्री ध्रुव रेग्मीको प्रतिपेदन अनुसार निर्माण व्यवसायीलाई सार्वजनीक खरिद ऐन २०६३ को दफा ५५ को उप दफा १ र २ एंव सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११९

निर्णय नं. - ९ संग सम्बन्धीत

## आवासीय विद्यालयहरु र वितरण गरिएको रकम विवरण

| क्र .स. | विद्यालयको नाम | सञ्चालित कक्षा ठेगाना | ठेगाना | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | श्री रणवीर जनहित मा. वि. | १-१२ | वालिङ १ | २,००,०००/- | |
| २. | श्री महेन्द्र मा. वि.. | १-१२ | वालिङ ५ | २,००,०००/- | |
| ३. | श्री राष्ट्रिय मा.वि. | १-१२ | वालिङ ६ | २,००,०००/- | |
| ४. | श्री भुम्रे मा. वि. | १-१० | वालिङ ९ | २,००,०००/- | |
| ५. | श्री पूर्णामृत भवानी मा. वि. | १-१२ | वालिङ १० | ३,००,०००/- | |
| ६. | श्री सरस्वती मा. वि. | १-१२ | वालिङ १३ | २,००,०००/- | |
| ७. | श्री उपल्लो पेखु मा. वि. | १-१० | वालिङ १४ | २,००,०००/- | |
| | | | कुल बजेट | १५,००,०००/- | |

को १ मा भएको व्यवस्था बमोजिम मिति २०८२।१०।२१ गतेको नगर प्रमुख स्तरीय निर्णयद्धारा मुल्य समायोजन वापतको रकम भुक्तानी भएको सो निर्णय अनुमोदन गर्ने निर्णय गरियो।

१५. यस न. पा कार्यालयको चालु आ.ब. मा सर्शत अनुदान तर्फ बंगुर कार्यक्रम तर्फ निरन्तरताको लागि वजेट विनियोजन भई स्विकृत भएको र नियमानुसार सूचना प्रकाशन गरि प्रस्ताव माग गरिएको हुँदा उक्त प्रस्ताव छनौट भएकोले गरिएको सम्झौता वमोजिम पेश्की रकम उपलब्ध गराएकोले अनुमोदन गर्ने निर्णय गरियो।

१६. श्री आईल्याण्ड ईन्जिनियरीङ एण्ड कन्ट्रक्सन प्रा.लि. ले ठाउसारिको लागि यस कार्यालयमा दिएको निवेदन अनुसार यस कार्यालयको "घ" वर्गको ईजाजत पत्र सम्बन्धि निर्माण गर्ने जाँचवुच समितिको निर्णयको सिफारिस बमोजिम माथि उल्लेखित फर्मको ठाउ सारि गर्ने निर्णय गरियो।

१७. यस न.पा. कार्यालयको चालु आ.व. को लागि स्विकृत भएको साना पूर्वाधार तथा विपत शिर्षकवाट भएको खर्चको विवरण आर्थिक प्रशासन शाखबाट पेश भई आएकोले जानकारी प्राप्त भएको निर्णय गरियो।

१८. यस वालिङ नगरपालिका वडा नं.-१३ स्थित खेति योग्य जमिन सिंचाई अभावका कारण कृषकहरुलाई समस्या भएकोले साजमुनि सिंचाई योजनाका लागि प्राविधिक मुल्याङ्कनका आधारमा रु १ लाखमा नवढ्ने गरि मर्मत संभार कोषबाट रकम भुक्तानि गर्ने निर्णय गरियो ।

१९. यस नगरपालिका कार्यालयको चालु आ.व. २०८२/२०८३ को लागि स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत बिषेश अनुदान तर्फ नगर कार्यपालिकाको निर्णय बमोजिम संशोधित कार्यक्रम अन्तर्गत टनेल निर्माण शिर्षकको रु.६० लाख बराबरको कार्यक्रम संचालनका लागि विषय विज्ञता र सामाजीक परिचालन अनुभव सहित यस नगरपालिकासंग साझेदारीतामा संञ्चालन भइरहेको वालिङ कृषि विकास परियोजना हेफर प्रोजेक्ट नेपाल/ दियालो संस्था मार्फत कार्यक्रम संञ्चालन गर्दा थप प्रभवकारी हुने देखिएकोले सोही परियोजना मार्फत उल्लेखीत कार्य गर्न विशेष अनुदान सम्बन्धी कार्यविधि २०८१ को पहिलो संशोधन २०८२ को अनुसुची १ को ४ बमोजिम क्रियाकलापहरु संचालनको लागि वालिङ नगरपालिकाको सार्वजनिक निजी साझेदारी नियमावली २०७९ बमोजिम कृषि परियोजना संचालनकै अवस्थामा रहेकोले सोही संस्था मार्फत माथी उल्लेखीत कार्य गर्ने निर्णय गरियो ।

२०. यस वालिङ नगरपालिका कार्यालयमा वालिङ कृषि विकास परियोजना आ.व. २०८०/०८१ देखि संचालनमा रहेको साझेदारी संस्था हेफर प्रोजेक्ट ईन्टरनेशनल नेपाल र वालिङ नगरपालिका विच भएको सम्झौता बमोजिमको कार्य भैरहेको हुँदा सोही परियोजना अन्तरगत बाख्रा वंगुर तथा अन्य कृषिको क्षेत्रमा काम गरिरहेकोमा वंगुर पालन सम्बन्धी कार्यक्रम प्रभावकारी देखिएको हुनाले वंगुर पालन विस्तार गर्ने तथा वजारिकरणको लागि वंगुरको मासु प्रशोधन केन्द्र समेत संचालन गर्न हेफर संस्था ईच्छुक भएकोले थप साझेदारीका कार्यक्रमहरु संचालन गर्ने निर्णय गरियो ।

२१. यस वालिङ नगरपालिकाको पर्यटकीय केन्द्रको रुपमा रहेको श्री गह्रौसुर धार्मिक तथा पर्यटकिय केन्द्रको तत्काल कार्यसंचालनका लागि निम्न बमोजिमको संचालन समिति गठन गर्ने निर्णय गरियो ।

अध्यक्ष - श्री सिता थापा

कोषाध्यक्ष - श्री केशभक्त गुरुङ

सचिव - श्री सूर्य प्रसाद काफ्ले

सदस्य - श्री सूर्य प्रसाद रेग्मी

सदस्य - श्री सिता काफ्ले

सदस्य - श्री राधिका सुबेदी

सदस्य - श्री तारा सुबेदी

सदस्य - श्री नारायण प्रसाद सुबेदी

सदस्य - श्री नारायण प्रसाद सुबेदी ( कृष्ण )

२२. यस वालिङ नगरपालिका भित्र रहेका वजार क्षेत्रहरुको शान्ति सुरक्षा तथा अमन चयन कायमका लागि वडा प्रहरी कार्यालय वालिङको मिति २०८२/०५/१६, च.नं. ४९२ को पत्रानुसार वालिङ नगर क्षेत्रका विभिन्न स्थानहरमा CCTV क्यामेराहरु जडानका लागि माग भै आएकोले यस वालिङ नगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अन्तरगत मिति २०८२/०९/११ गतेको नगर प्रमुख स्तरिय निर्णयबाट गैह्रे कम्प्यूटर तथा ईलेक्ट्रिकल लाई दिईएको कायदिश वमोजिम कार्य सम्पन्न गरि भूक्तानिको लागि माग गरेको हुँदा वडा प्रहरी कार्यालयको मिति २०८२/११/०४, च.नं. १७७२ को पत्रानुसार माथि उल्लेखित कार्य सम्पन्न भएको भनि लेखि आएकोले सम्झौता वमोजिमको रकम भूक्तानि दिने निर्णय गरियो ।

२३. २०८२ साल मंसिर ५ गतेको कार्यपालिकाको बैठकबाट गठित सुझाव समितिको प्रतिवेदनका आधारमा तपसिल बमोजिमका सडकहरुको देहाय बमोजिमको मापदण्ड कायम गर्ने निर्णय गरियो ।

तपसिल :

| क्र.सं. | सडको नाम | कायम गरिएको मापदण्ड |
|---|---|---|
| १ | भुम्रे हुवास सडक | २०६० सालको नगर परिषदको निर्णय बमोजिम हुने |
| २ | मिर्दी, जगत, भिमाद तथा जगत चापाकोट सडक | सडकको केन्द्र (विच) बाट दाँया बाँया ५ मिटर |
| ३ | त्रियासी, खहरे, रत्ने, विरुवा सडक | सडकको केन्द्र (विच) बाट दाँया बाँया ५ मिटर |

नगर कार्यपालिकाको ६४ औं बैठक

आज मिति २०८२।१२।३० गतेका दिन वालिङ नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री कृष्ण खांण ज्यूको अध्यक्षतामा बैठक बसि तपसिल बमोजिमको निर्णय गरियो ।

| सि.न. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री कृष्ण खांण | |
| २ | नगर उप प्रमुख | श्री कबिता तिवारी गैह्रे | |
| ३ | वडा अध्यक्ष | श्री पदमराज गुरुङ | |
| ४ | वडा अध्यक्ष | श्री पोतप्रसाद लम्साल | |
| ५ | वडा अध्यक्ष | श्री भीम बहादुर गुरुङ | |
| ६ | वडा अध्यक्ष | श्री हरिप्रसाद खनाल | |
| ७ | वडा अध्यक्ष | श्री छविलाल आले | |
| ८ | वडा अध्यक्ष | श्री श्याम कृष्ण श्रेष्ठ | |
| ९ | वडा अध्यक्ष | श्री पाण्डु कुमार थापा | |
| १० | वडा अध्यक्ष | श्री दामोदर तिवारी | |
| ११ | वडा अध्यक्ष | श्री शेरबहादुर श्रेष्ठ | |
| १२ | वडा अध्यक्ष | श्री सुनिल खनाल | |
| १३ | वडा अध्यक्ष | श्री डण्ड पानी पंगेनी | |
| १४ | वडा अध्यक्ष | श्री विश्वजंग गुरुङ | |
| १५ | वडा अध्यक्ष | श्री नमलाल डुम्रे | |
| १६ | वडा अध्यक्ष | श्री बोधराज कुवर | |
| १७ | कार्यपालिका सदस्य | श्री देवी माया वि.क. | |
| १८ | कार्यपालिका सदस्य | श्री सिता वि.क. | |
| १९ | कार्यपालिका सदस्य | श्री युगमाया पंगेनी | |
| २० | कार्यपालिका सदस्य | श्री भगवती पाण्डेय डुम्रे | |
| २१ | कार्यपालिका सदस्य | श्री जुनु थापा | |
| २२ | कार्यपालिका सदस्य | श्री लोक बहादुर कुमाल | |
| २३ | कार्यपालिका सदस्य | श्री हरिलाल वि.क. | |
| २४ | कार्यपालिका सदस्य | श्री भक्त बहादुर गोतामे | |
| २५ | सचिव | श्री गंगालाल सुवेदी | |

## मिति २०८२।१२।३० गतेको कार्यपालिका बैठकको निर्णय-

निर्णय नं १

यस वालिङ नगरपालिकाको नगर कार्यपालिकाको मिति २०८२।११।०४ गते सम्म भएका निर्णयहरु कार्यान्वयनको अवस्था विश्लेषणको साथै कार्यान्वनय गर्दै जाने गरी समीक्षा समेत गरियो ।

निर्णय नं. २

यस वालिङ नगरपालिका स्थीत निम्नानुसारको आयोजना तथा योजना कार्यालयन्वनको लागि बजेट विनियोजन गर्ने सन्दर्भमा प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयबाट बजेट विजनियोजन गर्ने प्रतिवद्धता/आश्वाशन समेत प्राप्त भएकोले सो आयोजना तथा योजनाहरु संचालनका लागि विस्तृत परियोजना प्रतिवेदन DPR तथा IEE को प्रतिवेदन आवश्यक भएकोले बजेट विनियोजनको लागि सो प्रतिवेदन तयारी गरी पेश गर्ने निर्माण गरियो ।

क. सिम्लेवारी भुडीकोट डाडाखर्क-सिलाउने भज्याङ- अकला मन्दिर मैदान हुदै दहपोखरी-वडा कार्यालय वालिङ १२ र १३

ख. थानापाटा बाह्रिवसे मेथीबारी सि.टि. भि.टी वोटलाङ हुदै लङकाकोट वालिङ १३ र १४

ग. नाकेडाडा राउतडाडा उदेराली कोखे सिर्कोट साउन्दी हुदै पर्वत जोडने वालिङ ९ र १४ साथै भिरकोट न.पा ९ हुदै पर्वत सम्मको सडक ।

निर्णय नं. ३

यस वालिङ नगरपालिका कार्यालयको चालु आर्थिक वर्ष २०८२/२०८३ को वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत विनियोजन भएको खेलकुद शिर्षक शिर्षकबाट निम्नानुसारको खलेकुद कार्यक्रमका लागि रकम भुक्तानी दिने निर्णय गरियो ।

१. ट्रनिटी क्लव महिला सशक्तिकरण खेलकुद कार्यक्रम संचालन भएकोले रु.२लाख ।

२. न्यू क्रसयटि क्लव रु.५० हजार ।

३. दीपज्योती एकता युवा क्लव रु.३००००.०

४. द ओसन क्लब यु-१६ छात्रा फुटवल प्रतियोगिता रु.५० हजार ।

५. मोहिनिशरण स्मृती प्रतिष्ठानद्धारा संचालीत कार्यक्रमको लागि रु.१५ हजार ।धर्म भाषा तथा संस्कृति शिर्षकबाट ।

निर्णय नं. ४

नगरपालिकाको विभिन्न वडाहरबाट अति आवश्यक भएका योजना तथा कार्यक्रमहरु संचालनका लागि माग भएका योजनाहरु कार्यान्वयनका लागि नगरवासीहरबाट माग भई आएका योजनाहरु कार्यान्वयाका लागि चालु आ.व. २०८२/२०८३ को मागमा आधारीत तथा मर्मत सम्भार कोष शिर्षकबाट निम्नानुसारका योजनाहरु संचालन गर्ने निर्णय गरियो ।

| सि.नं. | योजना/ कार्यक्रमको नाम | रकम रु. |
|---|---|---|
| १ | याम कुमारी वि. क. को टिनको छाना सहयोग वालिङ १४ | ३३०००।०० |
| २ | कुमती गुरुङ को लागि जस्तापाता सहयोग वालिङ १२ | ३३०००।०० |
| ३ | कुमाल करमबाटी टोल बाटो निर्माण वालिङ ९ र १०/लोक बहादुर कुमाल | ७२०००.०० |
| ४ | ठुलाखेत बगरको खेत संरक्षण वालिङ ९/१३ | २०००००.०० |
| ५ | कटौजे खानेपानी मर्मत सम्भार/कार्यालयको समेत खानेपानी वालिङ ८ | २०००००.०० |
| ६ | काफ्ले वालिङ १४ राधाकृष्ण मन्दिर वाल निर्माण संरक्षण वालिङ १४ | २०००००.०० |
| ७ | डायलाशीस देखी तल सिद्धर्थराज मार्ग जाने अधुरो नया सडक वालिङ१० | ४०००००.०० |
| ८ | पिङसिटी वालउद्यम पार्क वालिङ १० घुम्ती | ५०००००.०० |
| ९ | पिङसिटी वालउद्यान पार्क देखि घ्याङखोला हुदै गह्रौसुर मन्दिर जाने गेट निर्माण | २०००००.०० |
| १० | नेत्र बहादुर क्षेत्रिको घर संरक्षण कार्य/भत्केको वालिङ ९- विपद शिर्षकबाट | ५००००.०० |
| ११ | मन बहादुर आलेको घर संरक्षण कार्य/ भत्केको वालिङ ९- विपद शिर्षकबाट | ५००००.०० |
| १२ | दलित बस्ती-भण्डारी थुम्का खानेपानी पाईप २० एम एम को एक रोल | १२५५८.०० |

| | | |
|---|---|---|
| १३ | वालिङ साना शहरी खानेपानी व्यवस्थापन/पाईप | २०००००.०० |
| १४ | वालिङ ९ दुर्गा कुवर अधुरो बाटो ढालान | १५००००.०० |
| १५ | वालिङ १० सिद्धार्थराजमार्ग डुम्रे गाउ बाट तल मोहरिया सम्मको बाटो स्तरोउन्ती कार्य | २०००००.०० |
| १६ | खानेपानी पाईप वालिङ ९ सुकौदी घुम्ती- देवराज अर्याल समेतको | ३७०००.०० |
| १७ | वालिङ १० सिद्धार्थ राजमार्ग झकक्रो गेराकाट खेल मेदान झेडि गाउको सडक | २०००००.०० |
| १८ | वालिङ १ मगर समाज भवन तथा देवी रेग्मीको विचको नाला निर्माण/ सेरुङगा पर्यटकीय स्थल गत वर्षको | ३००००.०० |
| १९ | वालिङ १० बर्तुङ टोलमा कुकाठ व्यवस्थापन कार्य गतर्वषको | ४००००.०० |
| २० | वालिङ १२ याम बहादुर गुरुङ | ५००००.०० |
| २१ | जालि खरिद निर्वाचनको बार-आलमदेवि इन्टरप्राईजेज | ३२७२५.०० |
| २२ | महिलाहरुको तिज कार्यक्रम-नेतृत्व विकास शिर्षकबाट | ५००००.०० |
| २३ | वालिङ ६ खानेपानी टंकी संरक्षण तथा तटबन्धन मिर्दीखोला साविक टेलीकम अगाडी | १५००००.०० |
| २४ | वालिङ १ थर्पुक खानेपानी व्यवस्थापन- पाईप १६ एम एम को २०० मी. | ९०००.०० |
| २५ | वालिङ १० राङदी सडक नाला व्यवस्थापन | १५००००.०० |
| २६ | वालिङ ९ विपन्न बस्ती खानेपानी जडान कार्य | १५००००.०० |
| २७ | वालिङ १मा तटबन्धन हुमनारायण काफ्ले समेतको संरक्षण | १०००००.०० |
| २८ | बायाटारि ठट्ठलाखेत सिचई योजना वालिङ १३ | ५००००.०० |
| २९ | ब्याङतुङ आमा समुह वालिङ ८ भौतीक पूर्वाधार | २०००००.०० |

निर्णय नं. ४

यस वालिङ नगरपालिका अन्तर्गत रहेका वडा कार्यालय/कार्यालय/स्वास्थ्य संस्थाहरु बाट हुने सेवा प्रभाहलाई अझबढी प्रधावकारी बनाउनको तथा विद्यालयहरुबाट हुने पठनपाठन कार्यको लागि प्रभावकारी बनाउन समेत आवश्यक भएकोले निम्नान्सारको कर्मचारी तथा शिक्षक व्यवस्थापन गर्नका लागि कार्यदल गठन गर्ने निर्णय गरियो ।

संयोजक-श्री कविता तिवारी गैहे नगर उप प्रमुख

सदस्य- श्री नमलाल डुम्रे वडा अध्यक्ष-शिक्षा समिति सदस्य

सदस्य- श्री छिवलाल आले वडा अध्यक्ष-शिक्षा समिति सदस्य

सदस्य- श्री युगमाया पंगेनी कार्यपालिका सदस्य-शिक्षा समिति सदस्य

सदस्य- श्री जुनु थापा कार्यपालिका सदस्य- शुसासन समिति संयोजक

सदस्य सचिव- श्री ख्यामनारायण काफ्ले- शिक्षा शाखा प्रमुख

निर्णय नं. ५

यस वालिङ नगरपालिकाबाट भए गरेका सेवा प्रवाह तथा योजना कार्यान्वयनका सन्दर्भमा भए गरेका कार्यहरुको जानकारी तथा नगरवासीहरुबाट रकरात्मक सुभाव समेतका आधारमा अगामी दिनहरुमा हुने सेवा प्रवाभका लागि नागरीकहरुको सुशसचित्त कार्यका *लागि मिति २०८२।१।२१ गतेका दिन वालिङ नगरपालिका वडा नं.१४ मा सार्वजनीक सुन्वाई कार्यक्रम संचालन* गर्ने निर्णय गरियो

निर्णय न. ६

यस वालिङ नरपालिकाका विभिन्न वडाहरुबाट योजना कार्यान्वनका लागि माग भएका तथा योजना संचालनका लागि अति आवश्यक भएकोले नगरसभाबाट समेत कार्यक्रम संशोधन आएकोले स्रोतलाई ध्यामाराखी देहायका योजना तथा कार्यक्रम संचालन गर्ने तथा निर्माण कार्य सम्मपन्न भएका योजनाहरुको रकम भुक्तानी दिने निर्णय गरियो ।

| सि.नं. | योजना तथा कार्यक्रमको नाम | रकम रु. |
|---|---|---|
| | भुङगानेटोलको सडक/वडा कार्यालय जाने सडक वालिङ १० | २४०००००.०० |
| | फुलबारी टोलदेखि बगालथोक जाने सडक/ रिङरोड वालिङ ८ र १० | ४००००००.०० |
| | मैदाने रिङरोड-झलुङे धुर्पाल रिङ रोड/ आ.व.२०८३/२०८४ को लागि दायित्व सूजना हुने | ३००००००.०० |
| | सित्तल चौपारीमा स्यालभ कल्भर्ड निर्माण वालिङ ८ र १० | १५०००००.०० |
| | बन नर्सशरी कार्यक्रम | १५०००००.०० |
| | मोवाइल शौचालय घुम्ती | १५०००००.०० |

निर्णय न. ७

यस वालिङ नगरपालिकामा विभिन्न मितिहरुमा यस कार्यालयमा पाल्नुहुने अतिथिहरुको लागि अतिथि सत्कार खाना-खाजा वापतको रकम नगर प्रमुख/उप प्रमुख र कार्यालय प्रमुखको निर्देशनका विभिन्न होटलहरबाट भुक्तानीको लागि विलहरु पेश हुन आएको तथा होटलहरुबाट ताकेता गरेकोले एक पटकको लागि रोयल होटल-होटल भेनस-गाउवेसी जंगल होटल र ग्रिन भिलेज हाईव कजेट रेष्टुरेष्टलाई रकम भुक्तानी दिने निर्णय गरियो ।

निर्णय न. ८

नगर प्रमुखको स्वकीय सचिवको रुपमा कार्यरत रहेका कर्मचरी श्री मणि प्रसाद अर्यालको मिति २०८२ साल आश्विन महिना देखी दिन बाकी रहेका मासिक तलब भुक्तानीका लागि प्रदेश सरकार आन्तरीक मामिला तथा कानून मन्त्रालय पदाधिकारी सेवा सुविधा सम्बन्धि ऐनको दफा ११ को २ अनुसार भएको हुदा नियमानुसार पाउने तलब रकम भुक्तानि दिने निर्णय गरियो ।

निर्णय न. ९

यस वालिङ नगरपालिकाको नगर प्रमुख तथा उप प्रमुखहरुको प्रेस सल्हाकारको रुपमा कार्यरत रहेका श्री हरि प्रसाद सुवेदी (शुसिल) को मिति २०८२ साल आश्विन महिना देखी भुक्तानी हुन बांकी तलब भुक्तानी दिने निर्णय गरियो ।

निर्णय न. १०

वालिङ नगरपालिकामा हुन सक्ने प्रकोप व्यवस्थनपन तथा उद्दार कार्यका लागि वालिङ स्थीत सर्शसत्र प्रहरी ३० नं. गुल्मबाट संचालन गरीएको समुदाय विपद स्वंमसेवा तालीम संचालनका क्रममा भएको कार्यक्रम खर्च रकम रु.१९००००.०० विपद शिर्षकबाट रकम भुक्तानी दिने निर्णय गरियो ।

निर्णय न. ११

यस वालिङ नगरपालिका क्षेत्र भित्रका कृषकहरुद्धारा उत्पादित कृषि जन्य लगायतका बस्तुहरुको संकलन तथा बजारीकरण उत्पादनको प्याकेजीङ ढुवानीसंग सम्बन्धित क्रियाकलाप संचालन गर्नका लागि यस कार्यालयबाट प्रकाशित सूचाना बमोजिम सूचनको म्याद भित्र दर्ता भएको **पैंचो पसल प्रा.ली. बलेटक्सार गुल्मी** ले पेश गरेको प्रस्ताव अध्यन गरी छनौट भएको हुदा सो फर्मसंग प्राङारिक तरकारी खेती कार्यक्रम तथा कृषि उत्पादनको प्याकेजीङ ढुवानी तथा बजारीकरण कार्य गर्नका लागि पेश भएको ***फर्म पैंचो पसल प्रा.ली.संग*** सम्झौता गरी कार्य अगाडी वढाउने निर्णय गरियो ।

निर्णय न. १२

अकबरे व्यासायीक खुर्शानी खेती प्रबद्धनका लागि वालिङ १३ स्थित तारुखोला क्षेत्र-केदारनाथ कृषि फर्म वालिङ ८-काफलडाडा क्षत्रेमा तथा वडा न ६ मा गरिएको अकबरे खेतीका लागि मल्चिङ विउ विजन लगायतको लागत साझेदरीको सहयोग/अनुदान वालिङ कृषि विकास परियोजना मार्फत कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

नगर कार्यपालिकाको ६५ औं बैठक

आज मिति २०८३।०१।२५ गतेका दिन वालिङ नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री कृष्ण खांण ज्यूको अध्यक्षतामा बसि तपसिल बमोजिमको निर्णय गरियो ।

| क्र.स | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री कृष्ण खांण | |
| २ | नगर उप प्रमुख | श्री कविता तिवारी गैहे | |
| ३ | वडा अध्यक्ष | श्री पदमराज गुरुङ | |
| ४ | वडा अध्यक्ष | श्री पोतप्रसाद लम्साल | |
| ५ | वडा अध्यक्ष | श्री भीम बहादुर गुरुङ | |
| ६ | वडा अध्यक्ष | श्री हरिप्रसाद खनाल | |
| ७ | वडा अध्यक्ष | श्री छविलाल आले | |
| ८ | वडा अध्यक्ष | श्री श्याम कृष्ण श्रेष्ठ | |
| ९ | वडा अध्यक्ष | श्री पाण्डु कुमार थापा | |
| १० | वडा अध्यक्ष | श्री दामोदर तिवारी | |
| ११ | वडा अध्यक्ष | श्री शेरबहादुर श्रेष्ठ | |
| १२ | वडा अध्यक्ष | श्री सुनिल खनाल | |
| १३ | वडा अध्यक्ष | श्री डण्ड पानी पंगेनी | |
| १४ | वडा अध्यक्ष | श्री विश्वजंग गुरुङ | |
| १५ | वडा अध्यक्ष | श्री नमलाल डुम्रे | |
| १६ | वडा अध्यक्ष | श्री बोधराज कुबर | |
| १७ | कार्यपालिका सदस्य | श्री देवी माया वि.क. | |
| १८ | कार्यपालिका सदस्य | श्री सिता बि.क. | |
| १९ | कार्यपालिका सदस्य | श्री युगमाया पंगेनी | |
| २० | कार्यपालिका सदस्य | श्री भगवती पाण्डेय डुम्रे | |
| २१ | कार्यपालिका सदस्य | श्री जुनु थापा | |
| २२ | कार्यपालिका सदस्य | श्री लोक बहादुर कुमाल | |
| २३ | कार्यपालिका सदस्य | श्री हरिलाल वि.क | |
| २४ | कार्यपालिका सदस्य | श्री भक्त बहादुर गोतामे | |
| २५ | सचिव | श्री गंगा लाल सुवेदी | |

नि.प्र.प्र.अ. श्याम नारायण ढाफ्ले

*मिति २०८३।१।२५ गतेको नगर कार्यपालिकाको निर्णयहरु*

**निर्णय न १**

यस वालिङ नगरपालिका वडा न १ स्थित श्री त्रियासी कृषि उपज तथा बजार व्यवस्थापन सहकारी संस्था ली. द्धारा वालिङ नगरपालिकाका कृषकहरुको लागि कृषि उत्पादन तथा विक्रिवितरण तथा स्टोर भण्डरण कार्य गरेकोले कृषकहरुको माग तथा उक्त सहकारीको माग निवेदन बमोजिम कृषकहरुको सहुलियतका लागि विद्युत महशुल भुक्तानी माग गरेकोले चालु आ.व.२०८२/२०८३ मा कृषि विकास अन्तर्गत विनियोजन भएको बजेट तथा कार्यक्रमबाट रु.२ लाख मात्र रकम विद्युत महशुल/ व्यवस्थापन कार्य वापतको रकम उक्त सहकारी मार्फत रकम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं २**

वालिङ नगरपालिका वडा न १ र १० स्थित टाईम फार्मेसि देखि आधिखोला सम्मको अधुरो कुलो निर्माण कार्य सम्पन्न भएकोले मर्मत सम्भार कोष खाताबाट खर्च गर्ने गरी रु.१ लाख र तार्कुडाँडा दाहासत्कार ट्रस्ट निर्माण वालिङ ६ लाई रु. १ लाख प्राविधिक मुल्याङकनको आधारमा रकम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं ३**

यस वालिङ नगरपालिकाको शैक्षिक छात्रबृत्ति वितरण कार्यविधि २०८२ लाई विधान समितिबाट पेश भएकोले उक्त कार्यविधि स्विकृत गर्ने निर्णय गरियो ।

**निर्णय न ४**

वालिङ नगरपालिकाको बालमैत्री स्थानीय शासन तथा बाल अधिकार संरक्षण कार्यविधि २०८२ विधान समितिबाट तयार गरि पेश भएकोले सो कार्यविधि स्वीकृत गर्ने निर्णय गरीयो ।

**निर्णय न.५**

वालिङ युवा क्लवद्धारा श्याम स्मृती फुटवल टुनामेन्ट २०८३ संचालन तथा व्यवस्थापन कार्यका लागि आर्थिक सहयोग रकम माग गरेको हुदा सो फुटवल खेलकुद संचालनका लागि यस बार्षिक स्वीकृत खेलकुद विकास कार्यक्रमबाट रु.१ लाख बराबरको खेल व्यवस्थापन लागि सहयोग गर्ने निर्णय गरियो ।साथै द ओसन क्लवबाट संचालित ११ औ औसन कप अन्डर १६ महिला पुटवल प्रतियोगीतामा ट्रिनिटी क्लव वालिङबाट सहभागि भएकोले उक्त खेलकुलको लागि रु.५० हजार रकम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय न.६**

यस नगर कार्यपालिकाको मिति २०८२।०६।२६ गतेको निर्णयानुसार वालिङ नगरपालिकाको आयोजनामा फुड फेस्टिवल संचालन गर्नका लागि नगर उप प्रमुख ज्यूको संयोजकत्वमा समिति गठन भएकोले सो समितिद्वारा वालिङ पतञ्जलि योगपीठको भवन छेउ रहेको स्थानमा सरोकारवाअरको समन्वयमा प्रथम फुड फेस्टिवल संचालन तथा कार्यक्रम कार्यान्वयन भएकोले सो फुट फेस्टिवलमा भएको खर्चहरु समितिबाट खर्च अनुमोन गरी भुक्तानीका लागि कार्यपिलकामा सिफारिस भए बमोजिम सोको खर्च विवरण अनुमोदन गरी भुक्तानी दिन निर्णय गरियो। खर्च विवरणहरु निम्ननुसार रहेको छ ।

| सि.न | विवरण | फर्म तथा व्यक्ती | रकम रु. |
|---|---|---|---|
| १ | होटल बिल तथा खुद्र | विभिन्न | ३१३६१४.०० |
| २ | सरसफाई | विभिन्न | ३९६४३.०० |
| ३ | कलाकार/बाध्यपादनचालक/पारिश्रमीक | विभिन्न | ३००९७३.०० |
| ४ | मायाको चिनो | सुविधा मल्टी प्रीन्ट | २९३६०.०० |
| ५ | स्टल तथा टेन्ट | न्यू अकबर मटेल वर्क | २५४२५०.०० |
| ६ | खानेपानी व्यवस्थापन | खनाल हार्डवयर | ३७८१९.०० |
| ७ | सि.सि क्यामेरा | एस जि कम्प्युटर | ७४६४९.०० |
| ८ | सोलार वत्ति | जय लक्ष्मी ट्रेडिङ | ४३०६९५.०० |
| ९ | विजुली पोल | हाम्रो श्रेष्ठ ग्रील उद्योग | १६४९९१.०० |
| | जम्मा | | १६,४५,९९४.० |

**निर्णय न.७**

वालिङ नगरपालिका वडा न ८ मा बस्ने चन्द्रकान्त तिवारीको वर्ष ७१ की श्रीमती कृष्ण कुमारी तिवारी विगत लामोसयम देखी औपचारको क्रममा रहेको र निजको उपचारमा अत्याधी रकम खर्च भएको तथा घरको आर्थिक अवस्था कमजोर भएकोले मानविय सम्वेदनसिका लागि उपचारका क्रममा रहेको हुदा आर्थिक सहयोग माग गरेकोले उपचार सहयोगको लागि रु.५० हजार रकम उपचार खर्च वापत उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.- ८

वालिङ नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट अन्तर्गत औषधि तथा स्वास्थ्य सामग्री खरिदका लागि ई–बिडिङ प्रक्रियाबाट खरिद कार्य सम्पन्न हुँदा प्रतिस्पर्धात्मक बोलपत्रका कारण बचत (घटेको) रकम उपलब्ध भएको र नगरवासीलाई निरन्तर, सहज तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक औषधिको माग तथा खपत वृद्धि भइरहेको अवस्थालाई मध्यनजर गर्दै उक्त बचत रकमबाट प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को अधीनमा रही आवश्यक औषधि तथा स्वास्थ्य सामग्री खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं.- ९

नेपाल सरकारबाट संघीय सशर्त अनुदान अन्तर्गत प्राप्त **"अस्पताल सुदृढीकरण"** कार्यक्रमको उद्देश्यअनुरूप नगरपालिकाअन्तर्गत सञ्चालित अस्पताल तथा स्वास्थ्य संस्थाहरूमा आवश्यक औषधि, खोप, प्रयोगशाला सामग्री, उपकरण, स्वास्थ्य सामग्री तथा अन्य अत्यावश्यक वस्तुहरूको समयमै, सुरक्षित र प्रभावकारी ढुवानी तथा व्यवस्थापन गर्न यातायात साधनको आवश्यकता रहेकोले उक्त शीर्षकमा विनियोजित बजेटबाट खरिद प्रक्रिया पूरा गरी क्याटलक विधिबाट एक थान डबल क्याब पिकअप सवारी साधन खरिद गर्ने निर्णय गरियो।

निर्णय नं.- १०

यस वालिङ नगरपालिका क्षेत्र भित्र रहेका कृषकहरुद्वारा उत्पादित कृषिजन्य वस्तुहरु वजारीकरणका लागि ढुवानी गर्न अतिनै आवश्यक भएकोले वालिङ नगरपालिका, कृषि विकास परियोजना/हेफर/ दियालोको संयुक्त आर्थिक लागत साझेदारीमा तथा प्राविधिक सहयोगमा नियमानुसार आवश्यक प्रकृया पुरा गरि कृषि ढुवानी सवारी साधन खरिद गरि उक्त सवारी साधन गाडीको स्वामित्व सहित वालिङ नगरपालिका वडा नं. १ स्थीत त्रियासी कृषि उपज वजार व्यवस्थापन सहकारी संस्थालाई हस्तान्तरण गर्ने निर्णय गरियो ।